सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९९ ♦ २०८२ साल चैत्र १२ विहिवार ♦ 26 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति योजना अपेक्षाकृत ढिलो

**खबर दर्पण समाचारदाता**

**चैत्र ११ गते, बर्दिवास**

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पूर्वपश्चिम राजमार्ग विस्तारले निर्धारित गति लिन सकेको छैन। कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) अन्तर्गत सर्लाही, महोत्तरी र धनुषामा चार लेनको राजमार्ग बनाउने काम जारी छ। तर आयोजना र निर्माण कम्पनीहरूले स्वीकार गरे अनुसार कामको गति अपेक्षाकृत सुस्त छ। सम्झौता अनुसार अहिलेसम्म २९ प्रतिशत काम सम्पन्न भइसकेको हुनु पर्ने हो, तर तीनवटै जिल्लामा औसतमा मात्र १९ प्रतिशत काम भएको आयोजनाका सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवले जानकारी दिनुभयो।



धनुषा खण्डमा केही बढी काम भए पनि सर्लाही र महोत्तरीमा काम कम भएको छ। सुरुमा रुख कटानमा ढिलाइ हुँदा निर्माण कम्पनीले काम गर्न सकेनन्। हाल ११ हजार ५७७ रुख कटान भइसके पनि बिजुलीको पोल सार्ने काम सुस्त हुँदा सडक विस्तारको काममा गति आउन सकेको छैन।

पूर्वी खण्डको ७४.७५ किलोमिटर भागमा मात्रै काम भइरहेको छ भने रौतहट र बारा खण्डको ठेक्का लाग्न बाँकी छ। आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासका अनुसार बिजुलीको पोल सार्ने काम मुख्य चुनौती बनेको छ। "इरान-इजरायल द्वन्द्वले इन्धन र निर्माण सामग्रीको मूल्य बढ्ने भएकाले कामको गति अझ सुस्त हुन सक्ने चिन्ता छ," दासले भन्नुभयो।

निर्माण कम्पनी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेडका प्रोजेक्ट म्यानेजर प्रह्लाद ढुङ्गानाले पनि पोल समयमै नसारिँदा काम ढिलिएको बताउनुभयो। मुख्य चाडपर्व, अत्यधिक चिसो र प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण पनि काम रोकिन पुगेको थियो।

सडकलाई १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नति गर्ने योजना रहेको छ। मध्यभागमा चार मिटर चौडाइको मेडियनले सडकलाई दुई-दुई लेनमा छुट्याउने छ। नेपाल विद्युत् प्राधिकरणले पोल सार्ने ठेक्का लगाएकोले अब कामको गति बढ्ने अपेक्षा गरिएको छ।

विश्व बैंकको १८ अर्ब ६० करोड सहयोगमा सन् २०२७ भित्र पूर्वी खण्ड सम्पन्न गर्ने लक्ष्य छ। पहिलो लटको कमला-बडहरी २२.०७ किलोमिटर सडकमा ५८० करोडमा ठेक्का लागेको छ। दोस्रो लट बडहरी-फूलजोर २९.७४ किलोमिटर र तेस्रो लट फूलजोर-बडहरी २२.९४ किलोमिटरमा एक हजार २८० करोडमा ठेक्का लागेको छ।

चार लेनको सडकले बजार तथा व्यापारिक क्षेत्रमा दुवैतिर साढे छ-साढे छ मिटर सर्भिस लेनसहित छ लेनको मार्ग प्रदान गर्ने छ। धनुषाको वीरेन्द्रबजार, सर्लाहीको लालबन्दी, नवलपुर, हरिवन र नयाँरोडमा ओभरपास समेत निर्माण गरिने योजना छ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु, एक जना घाइते

**खबर दर्पण समाचारदाता**

**चैत्र ११ गते, महेन्द्रनगर**

धनुषामा बुधबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।ईलाका प्रहरी कार्यालय ढल्केवरले जनाए अनुसार धनुषाको धनुषाधाम नगरपालिका-६, मालटोलस्थित पूर्व-पश्चिम राजमार्गमा बुधबार भएको सवारी दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् ।



ढल्केबरबाट पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेश ०२-००४ प. १८९५ नम्बरको पल्सर मोटर साइकललाई विपरीत दिशाबाट आईरहेको मधेश प्रदेश ०२-००१ च. १६४७ नम्बरको माछा बोकेको महिन्द्रा पिकअपले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय ढल्केबर का प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार दुर्घटनामा क्षीरेश्वरनाथ नगरपालिका-६ कुचाईटोल बस्ने ५५ वर्षीय समीम खानको मृत्यु भएको छ । दुर्घटना लगतै उहाँलाई उपचार का लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याइए थियो तर चिकित्सकले उनको बाटो मै मृत भएको घोषणा गरेका थिए । दुर्घटनामा जनकपुरधाम उपमहानगरपालिका-४ निवासी ५० वर्षीय विनोद सिंह घाइते हुनुभएको छ । उहाँको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न पिकअप र त्यसका चालक सिरहाको सुखिपुर ३ बस्ने दिनेश सहनीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय
गौशाला, महोतरीको

शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)

संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरूलाई फारम भर्नाको लागि आहवान गरिन्छ ।

हाम्रो विशेषताहरू
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरूका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट वोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२·१२·२० गतेदेखि २०८३·०१·०४ सम्म ।
२. Orientation Class २०८३·०१·०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३·०१·०६ गते ।
४. भर्ना सुरू २०८३·०१·०७ गतेबाट
५. कक्षा संचालन २०८३·०१·१३ गतेबाट...............
६. सम्पर्क स्थान: श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/- ।





भवदिय: श्री त्रिभूवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

# ई-रिक्सा चालकको लाइसेन्स प्रक्रिया सहज बनाइने: मन्त्री सुमन

**खबर दर्पण समाचारदाता**

**चैत्र ११ गते, बर्दिवास**

मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री मनिषकुमार सुमनले ई-रिक्सा चालकका लागि सवारीचालक अनुमतिपत्र (लाइसेन्सं) प्राप्त गर्ने प्रक्रिया सहज बनाइने प्रतिवद्धता जनाउनुभएको छ ।

कायापलट, बिकल्प एन अल्टर नेटिभ र ई-रिक्सा मजदुर संगठन धनुषाले बुधबार जनकपुरधाममा आयोजना गरेको ई-रिक्सा लाइसेन्स सहजीकरण संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सुमनले लाइसेन्स वितरण प्रणालीलाई सरल, व्यवहारिक र पहुँचयोग्य बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो । उहाँले प्रदेश सरकारले चाँडै लिखित परीक्षा हटाएर मौखिक तथा प्रयोगात्मक परीक्षामार्फत लाइसेन्स दिने व्यवस्था लागू गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो। सेवाग्राहीको सहजताका लागि क्युआर कोड प्रणाली लागू गर्ने विषयमा पनि पहल भइरहेको उहाँको भनाइ थियो ।

मन्त्री सुमनले मधेश प्रदेशमा ई-रिक्साको बढ्दो प्रयोगलाई व्यवस्थित गर्न कानुनी तथा प्राविधिक सुधार आवश्यक रहेको उल्लेख गर्दै चालकहरूलाई औपचारिक प्रणालीमा ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रतिनिधि राहुल झाले ई-रिक्सा चालकहरूको हक-अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक रहेको औंल्याउनुभयो ।

प्राविधिक क्षेत्रका प्रतिनिधिजस्तै ई-रिक्सा चालकका लागि पनि अनिवार्य हुनुपर्ने उल्लेख गर्दै उहाँले कार्यान्वयनलाई सहज बनाउन सम्बन्धित निकायबिच समन्वय आवश्यक रहेको बताउनुभयो। कार्यक्रमका अध्यक्षता गर्नुभएका ई-रिक्सा मजदुर संगठनका अध्यक्ष विरेन्द्र महतोले लाइसेन्स अभावका कारण चालकहरूले दैनिक रूपमा विभिन्न समस्या भोग्नुपरेको गुनासो गर्नुभयो । उहाँले लाइसेन्स वितरण प्रक्रियालाई सरल बनाउन सम्बन्धित निकायसँग आग्रह गर्नुभयो। यसैबिच, विकल्प एन अल्टरनेटिभले मधेश प्रदेशका ई-रिक्सा चालकहरूमा गरिएको अध्ययन सार्वजनिक गरेको छ ।

अध्ययनअनुसार प्रदेशमा ई-रिक्साको योगदान उल्लेखनीय भए पनि जटिल नीतिगत व्यवस्था र अव्यावहारिक परीक्षा प्रणालीका कारण ठुलो संख्यामा चालकहरू लाइसेन्स लिनबाट वञ्चित छन् ।

संस्थाका प्रतिनिधि बसन्त अधिकारीका अनुसार करिब ७० प्रतिशत ई-रिक्सा चालकसँग लाइसेन्स छैन । यसको मुख्य कारण चालकहरूको शैक्षिक




स्तरअनुसारको परीक्षा प्रणाली नहुनु हो । लिखित परीक्षाको जटिलता र प्राविधिक रूपमा नमिल्ने ट्रायल मापदण्डले चालकहरूलाई कानुनी दायराभन्दा बाहिर रहन बाध्य बनाएको अध्ययनले देखाएको छ।

अध्ययनअनुसार मधेशमा हाल तीनपांग्रे सवारी साधनको संख्या ८२ हजार पुगेको छ, जसमा अधिकांश ई-रिक्सा रहेका छन् । प्रदेशको राजधानी रहेको धनुषा जिल्लामा मात्रै करिब १४ हजार ई-रिक्सा सञ्चालनमा छन्। अध्ययनले प्रदेश सरकारले आफ्नै कानुनअनुसार आवश्यक नियमावली र कार्यविधि तत्काल निर्माण गरी मौखिक परीक्षा प्रणाली लागू गर्नुपर्ने सुझाव दिएको छ। साथै, संघीय सरकारसँग समन्वय गर्दै सफ्टवेयर सुधार र ई-रिक्सा मैत्री ट्रायल मापदण्ड निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ।

मधेश प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ मा ई-रिक्सा चालकका लागि लिखित परीक्षाको सट्टा मौखिक अन्तर्वार्तामार्फत लाइसेन्स दिने व्यवस्था भए पनि आवश्यक नियमावली र कार्यविधि नबन्दा कार्यान्वयन हुन सकेको छैन । यता, कोशी प्रदेशले भने लिखित परीक्षा हटाई मौखिक तथा प्रयोगात्मक परीक्षा प्रणाली लागू गरिसकेको छ ।

# पेट्रोलियम पदार्थमा फेरि मूल्यवृद्धि, ११ दिनमै प्रतिलिटर १५ रुपैयाँ बढ्यो

**खबर दर्पण समाचारदाता**

**चैत्र ११ गते, बर्दिवास**

नेपाल आयल निगम ले पेट्रोलियम पदार्थको मूल्य पुन: बढाएको छ। पछिल्लो पटक मूल्य समायोजन गरेको ११ दिन नबित्दै निगमले बुधबार मध्यरातदेखि लागू हुने गरी पेट्रोल तथा डिजेल/मट्टितेलमा प्रतिलिटर १५ रुपैयाँ वृद्धि गरेको हो।

यसअघि निगमले चैत १ गते मूल्य समायोजन गरेको थियो। नयाँ मूल्यअनुसार पेट्रोल पहिलो वर्गमा प्रतिलिटर १८४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८६ रुपैयाँ र तेस्रो वर्गमा १८७ रुपैयाँ कायम गरिएको छ। डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा १६४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६६ रुपैयाँ र तेस्रो वर्गमा १६७ रुपैयाँ तोकिएको छ। यससँगै काठमाडौंमा पेट्रोलको मूल्य प्रतिलिटर १८७ रुपैयाँ पुगेको छ।

निगमका अनुसार पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज परेका छन् भने दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गमा काठमाडौं, पोखरा र दिपायल डिपो समेटिएका छन्।

अन्तर्राष्ट्रिय बजारमा मूल्य वृद्धि भइरहेकाले आन्तरिक बजारमा पनि समायोजन गर्नुपरेको निगमले जनाएको छ। मार्च १ देखि २४ तारिखसम्म पेट्रोल खरिद मूल्यमा प्रतिलिटर ७६ रुपैयाँ र डिजेलमा १४३ रुपैयाँसम्म वृद्धि भएको निगमको भनाइ छ।

# डढेलोको जोखिम कम गर्न वन क्षेत्रमा क्यामेरा जडान

**खबर दर्पण समाचारदाता**

**चैत्र ११ गते, बर्दिवास**

वन डढेलोको जोखिम कम गर्न धनुषाको भाटिघारी सामुदायिक वन क्षेत्रमा क्यामेरा जडान गरिएको छ।

वन तथा पशुपक्षी संरक्षणका क्षेत्रमा काम गर्दै आएका मिथिला वाइल्ड लाइफ ट्रस्ट धनुषाले क्यामेरा जडान गरेको हो ।

ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले गर्मीयामसँगै बढ्दै गएको डढेलोको जोखिमलाई मध्यनजर गर्दै सो सामुदायिक वन क्षेत्रको विभिन्न स्थानमा गरी १२ वटा ट्र्याप क्यामेरा जडान गरिएको बताउनुभयो । उहाँले डढेलोको जोखिम समयमै पहिचान गर्न तथा वन्यजन्तुको गतिविधिसमेत निगरानी गर्न क्यामेरा जडान गरिएको जानकारी दिनुभयो ।

यसले वन्यजन्तु संरक्षणसँगै डढेलो नियन्त्रण तथा वन सुरक्षामा सहयोग पुग्ने अपेक्षा उहाँको भनाइ छ । ट्रस्टका अध्यक्ष मण्डलले सुक्खा मौसममा वन क्षेत्रमा आगलागीको जोखिम उच्च हुने भएकाले वन उपभोक्ता तथा स्थानीयलाई सचेत रहन आग्रह गर्नुभयो।

यसैगरी डिभिजन वन कार्यालय धनुषाले भाटिघारी सामुदायिक वन उपभोक्ता समितिलाई वन डढेलो नियन्त्रण गर्न उपकरण प्रदान गरेको छ ।

डढेलो नियन्त्रणमा प्रयोग हुने विशेष सुरक्षात्मक कपडा र फलामे औजार हस्तान्तरण गरिएको धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले बताउनुभयो ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अन्तरक्रियाबाट समस्या पहिचान र समाधान सम्भव : मन्त्री पटेल

शर्मिला घिमिरे

**चैत्र ११ गते, बर्दिवास**

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलले सम्बन्धित क्षेत्रका विज्ञ र किसानसँग हुने अन्तरक्रियाबाट नै वास्तविक समस्या र समाधानको पहिचान प्रभावकारी रूपमा हुने बताएका छन्। उनले डिडिसी प्रदेश सरकारको मातहतमा नपर्ने भए पनि प्रदेशले सहयोग गर्दै अगाडि बढिरहेको स्पष्ट पारे।

सर्लाहीको नवलपुरस्थित कृषि परीक्षण तथा अनुसन्धान केन्द्रमा दुग्ध विकास बोर्ड मधेश प्रदेशद्वारा आयोजित दुग्ध व्यवसायी तथा सरोकारवालाबीचको अन्तरक्रिया कार्यक्रममा किसानका जिज्ञासाको उत्तर दिँदै मन्त्री पटेलले संघीय संरचनाअन्तर्गत प्रदेशलाई पर्याप्त अधिकार नदिइएको गुनासो गरे। मन्त्रालयअन्तर्गत पर्ने अधिकार समेत पूर्ण रूपमा हस्तान्तरण नहुँदा काम गर्न कठिनाइ भएको उनको भनाइ थियो। सीमित अधिकारभित्र रहेर पनि किसानका समस्याहरूलाई सकेसम्म सम्बोधन गर्ने प्रतिबद्धता उनले जनाए।

पशु स्वास्थ्य बीमा संघीय सरकारको मातहतमा रहेको जानकारी दिँदै उनले आफ्नो मन्त्रालयमार्फत प्रस्ताव अघि बढाउने प्रयास गर्ने बताए। हालै मधेश प्रदेशमा आएको हावाहुरीका कारण किसानको बालीनालीमा ठूलो क्षति पुगे पनि राहत वितरण प्रदेशको अधिकार क्षेत्रभित्र नपर्दा सहयोग गर्न नसकिएकोमा उनले असन्तुष्टि व्यक्त गरे।

कानुनी जटिलता र कार्यविभाजनका कारण मन्त्रालय कमजोर बनेको उल्लेख गर्दै मन्त्री पटेलले उपलब्ध अधिकारलाई प्रभावकारी रूपमा प्रयोग गर्न सबैको साथ र सहकार्य आवश्यक रहेको बताए। साथै दूध उत्पादनको बजारीकरण र किसानलाई आत्मनिर्भर बनाउने विषयमा सम्बन्धित निकायसँग निरन्तर छलफल भइरहेको जानकारी दिए।

कार्यक्रममा दुग्ध विकास बोर्डका उपाध्यक्ष डा. शम्भु साहले बोर्डका कार्यक्रम, जिम्मेवारी र अधिकारबारे जानकारी दिँदै किसानको हकहित संरक्षणमा संस्था प्रतिबद्ध रहेको बताए। उनले बोर्डका सबै कार्यक्रम पारदर्शी रूपमा सञ्चालन भइरहेको पनि स्पष्ट पारे।



सो अवसरमा कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र नवलपुर, सर्लाहीका प्रमुख वैज्ञानिक इन्जिनियर रामनाथ शाहसहित मधेश प्रदेशका आठवटै जिल्लाका सम्बन्धित निकायका प्रतिनिधि र किसानहरूको सहभागिता रहेको थियो।

सामाजिक सुरक्षा भत्ता नविकरण समय मै गरौं ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले हरेक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नविकरण अनिवार्य गर्नुपर्नेछ। नविकरणका लागि नागरिकता, पुरानो परिचयपत्र र बैंक पासबुकको प्रतिलिपि आवश्यक पर्दछ। समयमै नविकरण नगरेमा भत्ता रोक्का हुन सक्नेछ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाले भत्ता नरोकिने सुनिश्चित गर्न आवश्यक कागजात (नागरिकता, फोटो) सहित अनिवार्य रूपमा प्रक्रिया पूरा गर्नुपर्नेछ।

सामाजिक सुरक्षा भत्ता नविकरणका आवश्यक कागजातहरू:

आवश्यक कागजातहरू : सक्कल नागरिकता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, र बैंक पासबुक ।

आफू बसेको स्थान मै नविकरण गर्न असक्षम भएमा वडा कार्यालयमा खबर गरी घर मै वा प्रतिनिधि मार्फत नविकरणको व्यवस्था मिलाउन सकिनेछ।

ध्यान दिनुहोस् : मृत्यु भइसकेका वा अन्य कारणले भत्ता नपाउनुपर्ने व्यक्तिको हकमा पनि जानकारी गराई लगत कट्टा गराउनुहुन सूचित गरिन्छ।

औरही नगरपालिका, महोत्तरी

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मटिहानी नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

लक्ष्मीनिया गाउँपालकिा, धनुषा

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

गौशाला नगरपालिका, महोत्तरी

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
- Integration of STEAM & PLE pedagogy
- Classrooms with AC and Smart Boards
- Focus on Moral Values & Culture
- Trained and Dedicated Teachers
- Technology Integrated Education

ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.

98540-55122 | 044-590422

# बालेनले शुक्रबार मध्याह्न साढे १२ बजे शपथ लिने



प्रधानमन्त्रीका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन साहले १३ गते शपथ लिने भएका छन् । बालेनले शुक्रबार मध्याह्न साढे १२ बजे शपथ लिने तय भएको हो ।

चैत १२ गते प्रतिनिधिसभा सदस्यले शपथ लिएपछि साहले भोलिपल्ट प्रधानमन्त्रीको शपथ लिन लागेको हो । शपथ ग्रहणपछि बालेन पदभार ग्रहणका लागि दिउँसो सवा २ बजे सिंहदरबार जाने कार्यक्रम छ ।

प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ दलसँगको छलफलपछि १२ चैत दिउँसो २ बजे नवनिर्वाचित सांसदको शपथ ग्रहण तय गरिएको हो ।

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको 'इपिसेन्टर' बनेको झापा क्षेत्र नम्बर-५ बाट बालेन ठूलो मतान्तरसहित विजयी भएका थिए ।

बालेनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई ४९ हजार ६१४ मतले पराजित गरेका हुन् । निर्वाचन आयोगका अनुसार शाहले ६८ हजार ३४८ मत ल्याउँदा ओली १८ हजार ७३४ मै सीमित भए ।-खबर दर्पण

# उदाउँदो सूर्यलाई अर्घ्य दिँदै वासन्ती छठ सम्पन्न

खबर दर्पण समाचारदाता
**चैत्र ११ गते, जनकपुरधाम**



मधेसको प्राचीन मिथिला क्षेत्रमा बुधवार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै यसपालिको वासन्ती छठ पर्व बर्तालुले सम्पन्न गरेका छन् । मङ्गलबार साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका बर्तालुले आज बिहान सूर्योदय भएसँगै दोस्रो अर्घ्य दिएर पर्व सम्पन्न गरेका हुन् ।

मिथिलामा वासन्ती छठलाई बोलीचालीमा 'चैती छठ' भनिन्छ । वसन्त ऋतुमा मनाइने हुँदा यसलाई वासन्ती छठ भनिएको पाका मैथिल बताउँछन् । चैत शुक्लपक्षमा मनाइने हुँदा आम बोलीमा यसलाई 'चैती छठ' भन्ने गरिएको बर्दिबास-१४ हटियाका ७५ वर्षीय रामअयोध्या साह बताउछन् ।

चारदिने यो पर्व चैत शुक्ल चौथी (चतुर्थी) देखि सप्तमीसम्मको हुन्छ । यसपालि गत आइतबार चैत शुक्ल चतुर्थी (चौथी)का दिन 'नहाय-खाय' र सोमबार पञ्चमी तिथिका दिन बर्तालुले 'खरना' विधि सम्पन्न गरेका थिए । यसैगरी मङ्गलबार षष्ठी तिथिको निराहार व्रत बसेर बर्तालुले साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका थिए । यो पहिलो अर्घ्यलाई यहाँ 'सझुका अरख' भन्ने गरिएको छ । त्यसैगरी आज उदाउँदो सूर्यलाई दिइने अर्घ्यको विधिलाई 'भोरका अरख' वा 'पारन' भनिन्छ ।

पर्वको पहिलो दिन स्नान गरेर चोखोनीतिो खाने चलन छ । यस दिन व्रतमा अपवित्र मानिने लहसुन, प्याज र कोदोसहितका खाद्यपदार्थ प्रयोग गरिन्नन् । अरवा चामलको भात खाइने हुँदा यस दिनलाई 'अर्बाअर्बाइन' पनि भनिन्छ । यसैगरी दोस्रो अर्थात् 'खरना'का दिन दिनभरि उपवास रही राति सक्खर हालेर पकाइएको खिर इष्टदेवलाई चढाएर बर्तालुले खान्छन् । यो प्रसाद खाएपछि निराहार व्रत प्रारम्भ हुन्छ । षष्ठी तिथिका दिन निराहार व्रत रही साँझ पवित्र जलासयमा बनाइएको घाटमा गई अस्ताउँदो सूर्यलाई पहिलो अघ्र्य (अर्घ) दिने परम्परा छ । यस क्रममा फलफूल र ठकुवा (गहुँको पीठोबाट बनाइएको मिष्टान्न परिकार), भुसुवा (कसार) र अन्य परिकार राखिएको डाला हातमा उठाएर सूर्यदेवलाई देखाइन्छ । कम्मरसम्म पानीमा चोबलिएर सूर्यलाई अर्घ्य दिने परम्परा छ । चौथो अर्थात् सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई यिनै प्रसाद सामग्री देखाएर अर्घ्य दिई बर्तालुले व्रत समापन गर्नेछन् ।

शरद् र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य र सूर्य पत्नी षष्ठीको उपासनाको पर्व मानिन्छ । शरद् ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ ।

यो व्रतका प्रभावले हरेक मनोकाङ्क्षा पूरा हुने विश्वास गरिन्छ । मिथिलामा यो पर्व द्वापर युगमा श्रीकृष्ण पुत्र साम्बले कुष्ठरोग निवारणका लागि गरेका र त्यसैबेलादेखि प्रारम्भ भएको मानिन्छ । यस्तै महाभारतकालमै पाण्डवले गुप्तवास सफलताको कामना गरेर सूर्यदेवको आराधना गरेका र सति अनसुइयाले सूर्य उपासना गरेको जनश्रुति पनि छ । यो व्रत प्रभावले छालाजन्य रोग नलाग्ने जनविश्वास पनि छ ।





सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुर्‍याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,